# जगन्नाथ राजपत्र

## जगन्नाथ गाउँपालिकाद्वारा प्रकाशित

खण्ड ९ संख्या ३ मिति २०८२ श्रावण २५ गते


## भाग २

## जगन्नाथ गाउँपालिकाको सूचना

सुदूरपश्चिम प्रदेशको गाउँ सभा नगर सभाको कानून निर्माण प्रक्रिया सम्बन्धी ऐन २०७५ दफा २४ उपदफा (५) बमोजिम सर्वसाधारण जनताको जानकारीका लागि प्रकाशन गरिएको छ:

**जगन्नाथ गाउँपालिकाको आधारभूत तह कक्षा ५ र ८ को परीक्षा सञ्चालन तथा प्रमाणीकरण सम्बन्धी कार्यविधि, २०८२**

**प्रस्तावना:**

स्थानीय सरकार संचालन ऐन,२०७४ को दफा ११ को उपदफा (२) को खण्ड ज को उपखण्ड (१४) र जगन्नाथ गाउँपालिकाको स्थानीय शिक्षा ऐन,२०८० को दफा (४५) को उपदफा (४) बमोजिम स्थानीयतहबाट सञ्चालन तथा व्यवस्थापन हुने कक्षा ५ र ८ को बार्षिक परिक्षाको स्तरीयता, प्रमाणिकरण सम्बन्धी कार्यलाई व्यवस्थित र प्रभावकारी बनाउन बान्छनीय भएकाले यस जगन्नाथ गाउँपालिकाले यो कार्यविधि बनाएको छ।

## परिच्छेद-१

## प्रारम्भिक

१. **संक्षिप्त नाम र प्रारम्भः**

(१) यस कार्यविधिको नाम "**आधारभूत तह कक्षा ५ र ८ को परीक्षा सञ्चालन तथा प्रमाणीकरण सम्बन्धी कार्यविधि" २०८२** रहेको छ।

(२) यो कार्यविधि तुरुन्त प्रारम्भ हुनेछ।

**२. परिभाषा:**विषय वा प्रंसगले अर्को अर्थ नलागेमा यस कार्यविधिमा,

(क) “अडिट” भन्नाले पाठ्यक्रमले निर्धारण गरे बमोजिम आधारभूत तह कक्षा ५ र ८ को प्रयोगात्मक परीक्षाको मापन तथा मुल्यांकन प्रक्रियाको सत्यापन कार्य सम्झनुपर्छ।

(ख) “परिक्षा” भन्नाले आधारभूत तह कक्षा ५ र ८ को परीक्षालाई सम्झनु पर्छ।

(ग) “परीक्षा समिति” भन्नाले दफा (३) बमोजिमको परीक्षा समिति सम्झनु पर्छ।

(घ) “प्रमाणपत्र” भन्नाले परीक्षा समितिबाट उपलब्ध गराईने ग्रेडसिट र प्रमाणपत्र सम्झनुपर्छ।

(ङ) “गाउँपालिका” भन्नाले जगन्नाथ गाउँपालिकालाई सम्झनुपर्छ।

## परिच्छेद-२

## परीक्षा समिति सम्बन्धी व्यवस्था

### ३. परीक्षा समिति:

(१) यस गाउँपालिकाबाट सञ्चालनहुने परीक्षालाई मर्यादित र विश्वसनीय बनाउन देहाय बमाजिम ९ सदस्यीय एक परीक्षा समिति हुनेछ।

(क) प्रमुख प्रशासकीय अधिकृत - संयोजक

(ख) सामुदायिक तथा संस्थागत विद्यालयहरुका प्रधानाध्यापकहरु मध्येबाट संयोजकले मनोनित गरेको एक जना प्रधानाध्याक -सदस्य

(ग) माध्यमिक तथा आधारभूत तह कक्षा (४-८) मा अध्यापनरत नेपाली,अग्रेजी,गणित,विज्ञान र सामाजिक विषयका शिक्षकहरु मध्येबाट परीक्षा समिति संयोजकले मनोनित गरेका एक जना महिला सहित पाँच जना शिक्षक - सदस्य

(घ) गाउँपालिका भित्र कार्यरत IEMIS तथा कम्प्युटर सम्बन्धी ज्ञान भएका कर्मचारी तथा शिक्षकहरु मध्ये बाट संयोजकले मनानित गरेको एक जना - सदस्य

(ङ) शिक्षा, युवा तथा खेलकुद शाखा प्रमुख -सदस्य सचिव

(२) दफा (३) को उपदफा (१) बमोजिम गठन भएको समितिको पदावधि दुई वर्षको हुनेछ।

(३) दफा (३) को उपदफा (१) बमोजिम गठन भएको समितिमा अवधी पुरा नभइ कुनै सदस्यको पद रिक्त रहेमा संयोजकले आवश्यकता अनुसार सोही पदमा मापदण्ड पुगेको सदस्यलाई मनोनितगर्न सक्नेछ।

४. **परीक्षा समितिको काम, कर्तव्य र अधिकार:** परीक्षा समितिको काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछ।

- विद्यालय स्तरीय पाठ्यक्रम र परीक्षा सम्बन्धी राष्ट्रिय नीतिको अधीनमा रही परीक्षा सम्बन्धी नीति निर्धारण गर्ने,
- विद्यालय र विद्यार्थी सख्याका आधारमा परीक्षाकेन्द्र समेत निर्धारण गर्नुपर्ने भएमा आवश्यक व्यवस्थापन गर्ने गराउने,
- परीक्षा सञ्चालन, व्यवस्थापन, नियमन अनुगमन गर्ने गराउने,
- परीक्षाको वैधता, विश्वसनियता र गोपनीयता कायम रहने गरी प्रश्नपत्र निर्माण, छपाई तथा वितरण सम्बन्धी कार्य गर्ने,
- शान्तिपूर्ण र मर्यादित रुपले परीक्षा सञ्चालन गर्ने गराउने,

- परीक्षामा संलग्न जनशक्ति तथा परीक्षार्थीहरुका लागि आचार संहिता बनाई कार्यान्वयन गर्ने गराउने,
- परीक्षाको मर्यादा विपरित काम गर्ने शिक्षक, कर्मचारी तथा अन्य सलग्न व्यक्तिलाई आवश्यक कारबाहीका लागि लेखी पठाउने,
- निष्पक्ष र विश्वसनीय तरीकाबाट उत्तरपुस्तिका परीक्षण, समपरीक्षण र पुनर्योग गर्ने, गराउने
- विपद् र विपद्जन्य कारणबाट निर्धारित समयमा परीक्षा सञ्चालन गर्ने तथा परीक्षाफल प्रकाशन गर्न कुनै बाधा परेमा तुरुन्त आवश्यक निर्णय लिने,
- परीक्षाफल प्रकाशन गर्ने र प्रमाणपत्र वितरण गर्ने,
- परीक्षा सम्बन्धी सम्पूर्ण अभिलेखहरु व्यवस्थित रुपमा अद्यावधिक गराउने र अभिलेख सुरक्षाको आवश्यक व्यवस्थापन गर्ने,
- परीक्षार्थीको परीक्षा आवेदन फाराम भराउने र सो को अभिलेख राख्ने,
- पाठ्यक्रमले निर्धारण गरे बमोजिम प्रयोगात्मक परीक्षा व्यवस्थापन गर्ने, गराउने,

जगन्नाथ गाउँपालिका

- ग्रेड वृद्धि परीक्षा सञ्चालन तथा व्यवस्थापन सम्बन्धी आवश्यक व्यवस्था गर्ने,
- परीक्षाफल विश्लेषण गरी गराई सुधारका थप उपायहरु अवलम्बन गर्ने, गराउने,
- प्रयोगात्मक परीक्षाको अडिट सम्बन्धि कार्य गर्ने, गराउने,
- परीक्षाका उत्तरपुस्तिकारहरु नतिजा प्रकाशन भएको छ महिनापछि धुल्याउने व्यवस्था गर्ने,
- परिक्षाको गोपनियता कायम गर्ने,गराउने,
- परिक्षा सम्बन्धी अन्य कार्यहरु गर्ने,गराउने,
- कक्षा ५ र ८ बाहेक अन्य कक्षाहरुको समेत परिक्षा संचालन तथा मुल्यांकन सम्वन्धी कार्य गर्न सक्ने ।

## परिच्छेद-३

## प्रश्नपत्र निर्माण, परिमार्जन, छपाई तथा वितरण

### ५. बिषय विज्ञको सूची अद्यावधिक गर्ने:

(१) विषयगत प्रश्नपत्र बैंक निर्माणको लागि परीक्षा समितिले गाउँपालिका अन्तर्गत कम्तिमा पाँच बर्ष शिक्षण अनुभव भएका शिक्षकहरु मध्येबाट सम्बन्धित विषयका विज्ञहरुको सूची तयार गरि समय समयमा अद्यावधिक गर्नुपर्नेछ ।

(२) यस गाउँपालिका भित्र विज्ञ उपलब्धहुन नसकेमा अन्य स्थानीय तहका विज्ञलाई समेत प्रश्नपत्र निर्माणमा समेत लगाउन सकिनेछ।

## ६. प्रश्नपत्र निर्माण तथा परिमार्जन गर्ने:

(१) परीक्षा समितिले विज्ञहरुलाई विषयगत प्रश्नहरु निर्माण गर्न लगाउनेछ।

(२) प्रश्नपत्र निर्माणकर्ताले प्रश्नपत्र संगै उत्तरकुञ्जिका पनि तयार पार्नुपर्नेछ, सो वापत प्रति बिषय रु १२०० (अक्षेरुपी एक हजार दुई सय मात्र) मा नियमानुसार कर कट्टी गरि पारिश्रमिक प्रदान गरिनेछ।

(३) परीक्षा समितिले प्रश्नपत्रको स्तरीयता र समसामयिक सुधारका लागी प्रश्नपत्र निर्माण तथा परिमार्जन उपसमिति गठन गर्न सक्नेछ।

(४) प्रश्नपत्र निर्माण तथा परिमार्जन उपसमितिमा रहने शिक्षक न्युनतम शैक्षिक योग्यता हासिल गरि उपलब्ध भए सम्म सम्बन्धित तहमा कम्तिमा पाँच बर्षको शिक्षण अनुभव भएको हुनुपर्नेछ।

(५) पाठ्यक्रमको विशिष्टिकरण तालिका अनुरुप सुनिश्चितता गरि प्रश्नपत्रलाई अन्तिमरुप प्रदान गर्नुपर्नेछ।

**७. प्रश्न बैंक सम्वन्धी व्यवस्था:**

(१) प्रत्येक विद्यालयमा पाठ्यक्रमले निर्धारण गरेको सिकाई उपलब्धि सुनिश्चित हुने गरि विषय विज्ञद्वारा तर्जुमा गरिएका प्रश्नहरुलाई परिमार्जन गरी प्रश्न बैंक खडा गर्नुपर्नेछ।

(२) पाठ्यक्रमको परिमार्जन संगै प्रश्नबैंकका प्रश्नहरुलाई पनि समयानुकुल अद्यावधिक गर्नुपर्नेछ।

(३) प्रश्न बैंकबाट प्रश्नहरु तयार पारी परीक्षा संचालन गर्नुपर्नेछ। तर प्रश्न बैंकतयार नहुँदासम्म विषयविज्ञहरुबाट प्रश्नपत्रतयार गरि परीक्षा संचालन गर्न सकिनेछ।

(४) जिल्लाभर एकरुपता कायम गर्नवा स्थानीय तहको लागी शिक्षा विकास तथा समन्वय इकाईले प्रश्नपत्र निर्माण गर्ने भएमा शिक्षा विकास तथा समन्वय इकाईबाट तयार भएका प्रश्नबैंकबाट परीक्षा समितिले प्रश्नपत्र प्रयोग गर्न कुनै बाधा पर्नेछैन।

**८. प्रश्नपत्र छपाई तथा वितरण सम्वन्धी व्यवस्था:**

(१) दफा (७) को उपदफा (३) बमोजिम तयार भएका प्रश्नहरुलाई परीक्षा समितिले आवश्यक संख्यामा छपाई गरी समयमा विद्यालय वा परिक्षा केन्द्रमा उपलब्ध गराउनुपर्नेछ।

(२) परिक्षाकेन्द्रमा प्रश्नपत्रको सुरक्षा र गोपनियता कायमगर्ने जिम्मेवारी प्रधानाध्यापक वा केन्द्राध्यक्षको हुनेछ।

# परिच्छेद-४

## परीक्षा सम्बन्धी व्यवस्था

### ९. परिक्षा सम्वन्धी व्यवस्था:

(१) आधारभुत तह कक्षा ५ र ८ मा अध्ययनरत विद्यार्थीले परीक्षामा सम्मिलित हुनका लागी परीक्षा आवेदन फाराम भर्नुपर्नेछ।

(२) परीक्षा आवेदन फाराम भर्दा नाम,थर,जन्ममिति,बिषय र आमाबुबाको नाम लगायतका विवरण फरक नपर्ने गरी भर्नुपर्नेछ । परिक्षार्थीको परीक्षा फाराममा आफ्नो अनुहार देखिने गरि हालसालै खिचेको पासपोर्ट साईजको फोटो टास्नुपर्नेछ । परिक्षा आवेदन फारम संग जन्मदर्ताको प्रतिलिपी अनिवार्य पेश गर्नुपर्नेछ।

(३) विद्यार्थिले नियमित अध्ययन गरिरहेको विद्यालयबाट परीक्षा आवेदन फाराम भर्नु पर्नेछ । दोहोरो परीक्षा फाराम भरी परीक्षामा सहभागी भएको पाईएमा त्यस्तो विद्यार्थीको परीक्षा आवेदन फाराम स्वत रद्ध हुनेछ।

(४) विद्यालयले जन्मदर्ता अनुसार फाराम भरे नभरेको एकीन गरी नभरेको भए भर्न लगाई सबै फारामहरू तोकिएको समयावधि

भित्र शिक्षा,युवा तथा खेलकुद शाखा मार्फत परीक्षा समितिमा पेश गर्नु पर्नेछ ।

(५) परीक्षा समितिले परीक्षा आवेदन रीतपूर्वक भए नभएको हेरी परीक्षार्थीलाई प्रवेशपत्र दिनु पर्नेछ ।

(६) विद्यालय खुलेको दिनको ८०% उपस्थित नहुने नियमित तर्फको विद्यार्थीलाई परिक्षामा सहभागी गराईनेछैन ।

**१०. <u>परीक्षार्थीको किसिम:</u>** परीक्षामा सम्मलित हुन सक्ने परीक्षार्थी देहाय बमोजिम हुनेछन् ।

क) नियमित परिक्षार्थी

ख) ग्रेड वृद्धि परीक्षार्थी

**स्पष्टीकरणः** यस दफाको प्रयोजनको लागि:-

(१) नियमित परीक्षार्थी भन्नाले अनुमति वा स्वीकृति प्राप्त सामुदायिक, धार्मिक तथा संस्थागत विद्यालयहरुको कक्षा ५ र ८ मा अध्ययनरत भई परीक्षामा सम्मलित हुनका लागि निर्धारण गरिएका शर्तहरु पुरा गरी परीक्षा आवेदन फाराम भरेका विद्यार्थी सम्झनुपर्छ ।

(२) ग्रेड वृद्धि परीक्षार्थी भन्नाले ग्रेड परीक्षा दिनको लागि आवेदन फारम भरेका परीक्षार्थी सम्झनुपर्छ।

**११. <u>प्रवेशपत्र बिना परीक्षा दिन नपाउनेः</u>**

(१) परीक्षा समितिले जारी गरेको परीक्षा प्रवेशपत्र बिना कुनै पनि परीक्षार्थीले परीक्षादिन पाउने छैनन्।

(२) प्रत्येक परीक्षार्थीले परीक्षा अवधिभर प्रवेशपत्र आफ्नो साथमा राख्नु पर्नेछ।

(३) परीक्षार्थीले प्रवेशपत्रमा उल्लेख भएका विषयमा मात्र परिक्षा दिन पाउनेछन्।

**१२.परीक्षा सञ्चालनः**

(१) पाठ्यक्रमले निर्धारणले गरेको विषयवस्तुको पठनपाठन सुनिश्चितता हुने गरी प्रत्येक शैक्षिक सत्रको अन्त्यमा वार्षिक कार्यतालिका बमोजिम गाउँशिक्षा समितिले तोकेको परिक्षाकेन्द्र र समयतालिका अनुसार परीक्षा समितिले परीक्षा सञ्चालन गर्नुपर्नेछ।

(२) परीक्षा समितिले मर्यादित र व्यवस्थित रुपमा गाउँपालिका भित्र परीक्षा सञ्चालन तथा व्यवस्थापनको भरपर्दो व्यवस्था मिलाउनुपर्नेछ।

**१३.परीक्षाको माध्यम भाषा:** परीक्षा समितिले संचालन गर्ने परिक्षामा भाषागत विषय बाहेक अन्य सम्पुर्ण बिषयको परीक्षाको माध्यम शिक्षण गर्दाको माध्यम भाषा हुन सक्नेछ।

## परिच्छेद-५

## नतिजा प्रकाशन प्रमाणपत्र वितरण पुनर्योग र पुन:परीक्षण

**१४. नजिता प्रकाशित**:

(१) विषय शिक्षकबाट उत्तरपुस्तिका परीक्षण र सम्परीक्षण कार्य गराइनेछ।

(२) परीक्षण तथा समपरीक्षणमा विश्वसनियता र एकरुपता कायम गर्ने उत्तरकुञ्जिका निर्माण गरी प्रयोगमा ल्याउनुपर्नेछ।

(३) लेटर ग्रेडिङ निर्देशिका २०७८ (संसोधन सहित) बमोजिम परिक्षाफल प्रकाशन गर्नुपर्नेछ।

(४) उपदफा (३) बमोजिम परीक्षफल प्रकाशन पश्चात नतिजा प्रमाणीकरण गरी राख्नुपर्नेछ।

**१५. प्रमाणपत्र दिनपर्नेः** परीक्षा समितिले सबै विषयमा न्यूनतम ग्रेड वा सो भन्दा बढी ग्रेड प्राप्त गरेको परीक्षार्थीलाई प्रमाणपत्र दिनुपर्नेछ।

**१६. पुनर्योगः** (१) कुनै पनि परीक्षार्थीले प्रकाशित नतिजामा चित्त नबुझेमा नतिजा प्रकाशन भएको सात दिनभित्र अध्ययन गरेको विद्यालयमा पुनर्योग गर्नुपर्ने विषयहरुको विवरण खोली प्रति बिषय रु २५०/- (दुईसय पँचास मात्र) दस्तुर सहित पुनर्योगका लागि आवेदन गर्न सक्नेछ।

(२) पुनर्योगका लागि दिएको आवेदन उपर छानबिन गरी नतिजा प्रकाशन गर्न परीक्षा समितिले तीन सदस्यीय पुनर्योग उपसमिति गठन गर्नेछ।

(३) पुनर्योगको आवेदनका लागि तोकेको अन्तिम मितिको पाँच दिन भित्र पुनर्योगको नतिजा प्रकाशन गर्नुगर्नेछ।

(४) कुनै परीक्षार्थीले पुनर्योगको नतिजामा चित्त नबुझि उत्तरपुस्तिका हेर्न चाहेमा परिक्षा समितिले हेर्न पाउने व्यवस्था मिलाउनुपर्नेछ।

(५) पुनर्योग गर्ने तथा उत्तरपुस्तिका हेर्न चाहाने परीक्षार्थीले परीक्षा समितिले तोके बमोजिमका शर्तहरु पूरा गर्नु पर्नेछ।

**१७. <u>पुन:परीक्षण :</u>**

(१) पुनर्योगका लागि आवेदन पेश गरेका विद्यार्थीले उत्तरपुस्तिका हेर्दा समेत चित्त नबुझेमा परीक्षा समितिले तोकेको शर्त पुरा गरी उत्तरपुस्तिका पुन:परीक्षणकालागि आवेदन गर्न सक्नेछ।

(२) उपदफा (१) बमोजिम पुन:परिक्षणका लागि परेका आवेदन उपर परीक्षा समितिले सात दिनभित्र नतिजा दिनुपर्नेछ।

(३) उत्तरपुस्तिका परीक्षण कार्यविधी परिक्षा समितिले आफैले निर्धारण गरे बमोजिम हुनेछ।

## परिच्छेद-६

## विविध

१८. **विशेष परिस्थितिमा परीक्षा सञ्चालन**: परीक्षा समितिले विपद् र विपद्जन्य कारणबाट कुनै परीक्षा केन्द्रमा परीक्षा सञ्चालन हुने अवस्था नदेखेमा परीक्षा स्थगन वा रद्ध गरी पुन:परीक्षा लिन सक्नेछ।

१९. **असमर्थ परीक्षार्थी सम्बन्धी व्यवस्था**:

(१) दृष्टिविहिन वा हातले लेख्न असमर्थ परीक्षार्थीले तल्लो कक्षासम्म अध्ययन गरेको एक जना सहयोगी राख्न परिक्षार्थीले निवेदन पेश गरेमा परीक्षा समितिले स्वीकृति दिन सक्नेछ।

(२) उपदफा (१) बमोजिमको परीक्षार्थीको लागि केन्द्राध्यक्षले छुट्टै परीक्षा कोठाको व्यवस्था गर्नुपर्नेछ।

(३) उपदफा (१) बमोजिमको परीक्षार्थीलाई निर्धारित समय अपुग हुने देखिएमा केन्द्राध्यक्षले अंपागताको प्रकृति हेरी थप एक घण्टा समय उपलब्ध गराउन सक्नेछ।

२०. **परीक्षामा खटिने जनशक्तिको पारिश्रमिकः** परीक्षा सञ्चालन र व्यवस्थापनमा खटिने जनशक्तिको नियमानुसार करकट्टी हुने गरि देहाय बमोजिम पारिश्रमिक उपलब्ध गराइनेछ।

(१) केन्द्राध्यक्ष प्रति दिन रु १,२००/-, सहायक केन्द्राध्यक्ष प्रति दिन रु १,०००/- निरीक्षक प्रति दिन रु ७००, सहायक कर्मचारी प्रति दिन रु ५००/-, कार्यालय सहयोगी प्रति दिन रु ३००/-, प्रश्नपत्र र उत्तर कुञ्जिका निर्माणकर्ता एक सेट वापत रु १,०००/-; उत्तर पुस्तिका परीक्षक र समपरीक्षकः प्रति उत्तर पुस्तिकाको पूर्णाङ्क अनुसार क्रमश १००, ७५,५० र २५ वापतको रु ३०/-, रु २५/०, रु २०/- रु १५/- केन्द्र रहने विद्यालय खर्च रु ३०००/- हुने।

(२) परीक्षा समितिले अन्य कक्षाको समेत गाउँपालिका स्तरीय गर्नुपर्ने अवस्थामा निर्णयगरी पारिश्रमिक तोक्न सक्नेछ।

**२१: ग्रेडवृद्धि परीक्षाः**

(१) परीक्षामा न्यूनतम ग्रेड प्राप्त गर्न नसकेका बढीमा दुई विषयहरुमा सम्बन्धित परीक्षार्थीले ग्रेड वृद्धि परीक्षामा सहभागी हुनु पर्नेछ।

(२) ग्रेडवृद्धि परीक्षा नँया शैक्षिक शत्र सुरु भएको पन्ध्र दिनभित्र सम्पन्न गरिसक्नु पर्नेछ।

(३) ग्रेडवृद्धि परीक्षा सम्बन्धी अन्य व्यवस्था परीक्षा समितिले निर्धारण गरे बमोजिम हुनेछ।

**२२. प्रयोगात्मक परीक्षाको अडिट गर्न सकिनेः**

(१) प्रयोगात्मक परीक्षाको लागि भार छुट्टयाइएका विषयहरुमा सम्बन्धित विषयको पाठ्यक्रम अनुरुप हुने गरी प्रयोगात्मक अंकको परीक्षा समितिले अडिट गर्न वा गराउन सक्नेछ।

(२) प्रयोगात्मक परीक्षाको अडिट सम्बन्धित शिक्षक या विषय विज्ञबाट गराउनुपर्नेछ।

**२३. बाझिएमा अमान्य हुनेः** यस कार्यविधीको कुनै व्यवस्था प्रचलित कानुन संग बाझिएमा बाझिएको हदसम्म कार्यविधीको व्यवस्था अमान्य हुनेछ।

**२४. बचाउ तथा खारेजीः** यो कार्यविधी लागुहुनु पुर्व आधारभूत तह कक्षा ५ र ८ को परीक्षा सञ्चालन र प्रमाणिकरण सम्बन्धी भए गरेका सम्पुर्ण कामकार्वाहीहरु यसै कार्यविधि बमोजिम भए गरेको मानिनेछ।

**आज्ञाले**

**रविन्द्र बहादुर शाही**

**निमित्त प्रमुख प्रशासकीय अधिकृत**